नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, वैशाख ४ गते, २०७५ साल (अतिरिक्ताङ्क १

भाग ५

नेपाल सरकार

अर्थ मन्त्रालयको

सूचना

नेपाल सरकारले भन्सार दर कायम गर्ने तथा उखुको मूल्य निर्धारण गर्ने सम्बन्धमा देहाय बमोजिम निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) आर्थिक ऐन, २०७४ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी भन्सार महसुल दरबन्दीको हार्मोनाइज्ड वस्तु वर्गीकरण शीर्षक १७.०१ का सबै उपशीर्षकहरुका पैठारी भन्सार दर

आधिकारिकता मदण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग हनेछ।

महलमा उल्लेख भएका १५ (पन्ध्र) प्रतिशतका दरको सट्टामा ३० (तीस) प्रतिशतका दर कायम गर्ने,

(ख) खण्ड (क) मा परेको हार्मोनाइज्ड वस्तु वर्गीकरण शीर्षक १७.०१ का उप-शीर्षकहरुमा आर्थिक ऐन, २०७४ को व्यवस्था बमोजिम कुनै निकायले भन्सार महसुल छुट पाएको भए सोलाई निरन्तरता दिने,

(ग) आर्थिक वर्ष २०७४।०७५ को लागि उखुको न्यूनतम मूल्य प्रति क्विन्टल रु. ५३६।५६ निर्धारण गर्ने ।

आज्ञाले,
राजन खनाल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लाग्न हुनेछ।